चौतारा साँगाचोकगढी नगरपालिका
Chautara Sangachokgadhi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक Chautara, Sindhupalchok
२०७३ 2073
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Letter No.) : २०८२/०८३
चलानी नं. (Dispatch No.) :

## विज्ञापन कर संकलन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/०९ गते, ने.सं. ११४५ ञलाथ्व द्वितीया**

**आय ठेक्का नं. ४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९, को दफा ६४ (१) ग मा भएको व्यवस्था, यस नगरपालिकाको बिज्ञापन कर निर्देशिका सम्बन्धी कार्यविधि २०७५, यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८२/०३/१२ गतेको १८ औं नगर सभाको दोस्रो बैठकको निर्णय साथै यस नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची १ (च) मा भएको व्यवस्था बमोजिम तपशिलका कार्य न्युनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०८२/०८३ र २०८३/०८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। कानूनी प्रकृया पुरा गरेको इच्छुक कम्पनी/फर्महरूले निम्न शर्तहरूको अधिनमा रही कार्यालय समय भित्र दरभाउपत्र पेश गर्नुपर्नेछ।

| क्र.सं. | ठेक्का संख्या | ठेक्काको विवरण | न्यनतम कबोल अंक (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| 1 | 04/2082/083 | Collection of Advertisement Tax of Chautara Sangachokgadhi Municipality (Hoarding Board, Advertisement Materials etc.) | 1,50,000.00 | 1000.00 |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१. माथि उल्लेखित ठेक्काको दरभाउपत्र भर्दा कबोल अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा बढी रकम उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। साथै उक्त आय ठेक्काहरूमा जुन कबोल अंक बढी हुन्छ सो कबोल कर्ताको दरभाउपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ र २०८३/०८४ सम्म कायम रहनेछ।

३. माथि उल्लेखित सबै ठेक्काहरूको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने कम्पनी/फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ।

४. धरौटी वापत कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. चौतारा स्थित बैंक धरौटी खाता नं. ०५७०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको "क" वर्गको वाणिज्य बैंकको जमानत (विड वण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

५. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., चौतारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगरपालिका कार्यालयको निर्णय अन्तिम हुनेछ।

९. दरभाउपत्र फारामहरू दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोही समयमा हुनेछ। तर बिड वण्डको मान्य अवधि सुरूकै मितिबाट कायम हुनेछ।

बैकुण्ठ प्रसाद सापकोटा
... अधिकृत

१०. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका दरभाउपत्रहरू मुल्याङ्कनमा समावेश गरिने छैन ।

११. छनौट हुने फर्म/कम्पनीले यस नगरपालिकाको नेपाल बैंक लि. मा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३०००००१००१००००१ मा आर्थिक वर्ष २०८२/०८३ को लागि कबोल गरेको रकममा भ्याट रकम थप गरी जम्मा हुन आउने कुल रकमको ५० प्रतिशत रकम सम्झौता गर्नु अघि यस नगरपालिका कार्यालयमा अग्रिम रूपमा जम्मा गर्नुपर्नेछ भने बाँकी ५० प्रतिशत रकम २०८३ जेष्ठ मसान्त भित्र जम्मा गर्नुपर्नेछ । आगामी आ.व. २०८३/०८४ को हकमा कबोल गरेको रकममा १० प्रतिशत रकम थप गरी सो रकममा भ्याट रकम सहित जम्मा हुन आउने कुल रकमको ५० प्रतिशत रकम २०८३ श्रावण १५ गते भित्र उल्लेखित खातामा जम्मा गर्नुपर्नेछ भने बाँकी ५० प्रतिशत रकम २०८४ जेष्ठ मसान्त भित्र जम्मा गर्नुपर्नेछ ।

१२. सम्झौता गर्न आउँदा पहिलो किस्ता वापत् जम्मा गरेको ५० प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम बराबरको मिति २०८४ श्रावण ३० गते सम्म म्याद भएको कार्यसम्पादन जमानत अनिवार्य पेश गर्नुपर्नेछ ।

१३. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सूचीमा परेको व्यक्ति/फर्मको दरभाउपत्र स्वीकृत गरिने छैन ।

१४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम/दोस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ । सो उपर ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।

१५. प्रचलित कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१६. यस कार्यालयमा पेश हुन आएको दरभाउपत्र, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खुल्नेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

१७. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीका व्यवसाय नवीकरण प्रमाण-पत्र, स्थायी लेखा नं. प्रमाण-पत्र, मु.अ. कर प्रमाण-पत्रको प्रतिलिपि र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१८. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

...........................
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फाराम शुल्क
रु. १,०००।–

आय ठेक्का नं.:- ०४

**आय ठेक्का शिर्षकः– चौतारा साँगाचोकगढी नगरपालिकाको विज्ञापन कर संकलन सम्बन्धी ।**

## दरभाउपत्र फाराम

---

श्रीमान् प्रमुख प्रशासकिय प्रमुख ज्यू, मिति : ..........................
चौतार सांगाचौकगढी नगरपालिका
चौतारा, सिन्धुपाल्चोक ।

**विषय : दरभाउपत्र पेश गरेको बारे ।**

तहाँ कार्यालयको मिति ..........................को शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फाराममा कबोल अङ्क खुलाई देहायको कामको शिलबन्दी दरभाउपत्र पेश गरेको छु । कबोल अङ्कको ५% धरौटी (अर्नेष्ट मनी) बापतको रकम त्यस कार्यालयको बैंक खातामा..........................................बैंक लि. .........................को मिति .............................. सम्म म्याद भएको बीड बण्ड काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी रु..............................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न गरेको छु । अन्य कुरा निम्नानुसार उल्लेख गरेको छु ।

---

चौतारा साँगाचोकगढी नगरपालिकाको विज्ञापन सम्बन्धी कर वापत हुने कुल न्युनतम अंक (कर तथा भ्याट बाहेक) वार्षिक जम्मा रु. १,५०,०००.०० (अक्षरुपीः एक लाख पचास हजार रुपैंया)

| कार्यको विवरण | १ वर्षको कूल कबोल अंक जम्मा (मु.अ. कर बाहेक) | | कबोल अंकको ५% धरौटी रकम (१३%मु.अ. कर सहित) |
|---|---|---|---|
| | अंकमा | अक्षरमा | |
| आ.व. २०८२/०८३ र २०८३/०८४ मा विज्ञापन कर संकलन गर्ने कार्य | | | |

संलग्न कागजातहरु :-

१.................................................

२.................................................

३.................................................

४.................................................

५.................................................

दरभाउपत्र पेश गर्ने

फर्म वा कम्पनीको नामः-

ठेगानाः-

आधिकारिक प्रतिनिधिको नामः-

दस्तखतः-

मितिः-

फर्म वा कम्पनीको छापः-